CamScanner

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
तातोपानी भन्सार कार्यालय,
लार्चा,सिन्धुपाल्चोक
फोन नं. ०११-४८०१३२
E-mail tatopani@customs.gov.np

## लिलाम बिक्रीको सूचना/ सूचना प्रकाशित भएको मितिः २०८०।११।२९ गते मंगलबार

भन्सार ऐन, २०६४ को दफा ४७(५) बमोजिम जफत भई नेपाल सरकारको हुन आएका, विभिन्न निकायवाट भन्सार चोरी पैठारी अभियोगमा यस कार्यालयमा दाखिला भई जफत भएका र तातोपानी भन्सार कार्यालयको यात्रु जाँचपास तथा सहजीकरण शाखा (यात्रु आगमन गेट लिपिङ) बाट दाखिला भई जफत भएका तपसिल वमोजिमका मालवस्तुहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा भन्सार नियमावली, २०६४ को नियम ३५ को उपनियम २ मा भएको व्यवस्था अनुसार सिलबन्दी माध्यमवाट लिलाम बिक्री गर्नुपर्ने भएकाले ईच्छुक फर्म/कम्पनी/संस्थालाई सहभागी हुन १५ (पन्ध्र) दिनको गोप्य सिलबन्दी दरभाउपत्र आह्वानका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । आफूले कबोल गरेको रकमको १०% (दश प्रतिशत) ले हुने रकम नेपाल बैंक लि.चौतारा सिन्धुपाल्चोक शाखाको कोष तथा लेखा नियन्त्रक कार्यालयको एकल कोष धरौटी खाता नं. ०५७०१०००००२००३००००० मा जम्मा गरी सोको दोस्रो प्रति सक्कल बैंक भौचर वोलपत्रसाथ पेश गर्नु पर्नेछ । प्रस्तुत सार्वजिनक सूचना भन्सार विभागको वेवसाईट https://www.customs.gov.np तथा यस कार्यालयको वेवसाईट https://customs.gov.np/tatopani मा पनि हेर्न सकिनेछ । अन्य थप जनकारीका लागि कार्यालय समयावधिभित्र कार्यालयको मुद्दा तथा लिलामी शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

तपसिलः

| सि. नं. | जफत सि.नं./ मुद्दा नं./ आ.व. | मालवस्तुको विस्तृत विवरण | मालवस्तुको अदत | न्यूनतम् मूल्य | वोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| 1 | जफत सि.नं. १, ११, १२,१३ र १८-२०८०।०८१ | T-shirt/vest/half pant/pant/shirt- 2520pc, Full sweat vest-600pcs, sweater- 150pc, T-shirt/p-cap vest (large size) 600 pcs, Shoes 420 pair. | 37 | ५,९५,१४०।- (पाँच लाख पन्चानव्वे हजार एक सय चालिस) | १००० |
| 2 | जफत सि.नं. ५ र ९ २०८०।०८१ | Carpet in roll 352 sq. m, Synthetic shower roll 12kg. | 4 | ४८,२५६ ।- (अठ्चालिस हजार दुई सय छपन्न) | १००० |
| 3 | जफत सि.नं. ३, ४, २०, २३ र ३०-२०८०।०८१ | Food packing machine- 1, Food drier-1, manual dual flat nail saddle stich stapler 2pc, Candy Flush Machine- 1. Drilling pin 150pcs. | 5 | १३,९५० ।- (तेह्र हजार नौ सय पचास) | १००० |
| 4 | जफत सि.नं. २, ६, ७, १६, १९, २१, २२ र २८- २०८०।०८१ | Roof racks luggage cargo carrier basket 5pc, Trolley's Wheel-40pc, Steering wheel cover 70pc, Fork lift truck chain 5pc, wiper and break cable 60pc, rear window frame of car 4pc, electric accessories pin made of brass 90kg. Reading Glass 335 pairs | 17 | ९६,९५४ ।- (छयानब्बे हजार नौ सय चउन्न) | १००० |
| 5 | जफत सि.नं. ८, २७, र ३१ २०८०।०८१ | Artificial Flowers-650kg. | 65 | ६४,८३८ ।- (चौसठी हजार आठ सय अठ्तिस) | १००० |
| 6 | जफत सि.नं. १०, १४, १७ र २९/ २०८०।०८१ | Shoe mold- 60kg, Mobile cover- 21kg, Fevicol Glue 2.5kg | 5 | ८,०५६ ।- (आठ हजार छपन्न) | १००० |
| 7 | जफत सि.नं. २४/ २०८०।०८१ | Computer's Display parts- 360pc. | 36 | ७९,२०० ।- (उनासी हजार दुई सय) | १००० |

२०८०।११।२९
भन्सार अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| 8 | जफत सि.नं. ९५/ २०८०।०८१ | Snow Spray (200*144) | 200 | ११,५२,००० ।- (एघार लाख बाउन्न हजार ) | २००० |
| 9 | जफत सि.नं. ९६/ २०८०।०८१ | Singing bowl (कांसा)-80kg | 3 | १०,६४० ।- (दश हजार छ सय चालीस) | १००० |
| 10 | मुद्दा नं. १ देखी ३२, ३४ र ३६ देखी ४६ सम्म | व्हाईनिज रक्सी- ७९३९ बोतल, बियर (२९६ बोतल/ ४०६ क्यान) र रेडबुल ड्रिंक्स २७९ क्यान । | | ८,९८,१६० ।- (आठ लाख अन्ठानब्बे हजार एक सय साठी) | १००० |
| 11 | मुद्दा नं. ०६, २३ र ४० २०८०।०८१ | चकलेट ९८ किलो, केक बिस्कुट १२ किलो/ जेली चकलेट १७ किलो/ जुस ३२२ पिस/ कफी ७३ कप/ कफी ८ प्याकेट (प्र.प्या.५०० एमएल) समेत मालवस्तुहरु र Computer Parts 12 pcs, Baby sandal 8 pairs. | | ९२,७५० ।- (बयानब्बे हजार सात सय पचास) | १००० |

शर्तहरु:

१. बोलपत्र फारम सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र (फिर्ता नहुने गरी) कार्यालयको लेखा शाखाबाट खरिद गर्न सकिनेछ ।

२. बोलपत्र खरिद गर्न ईच्छुक फर्म/कम्पनी / संस्थाले आफूले लिन चाहेको मालवस्तुहरुको सि.नं. उल्लेख गरी रु.१०। को टिकट टाँस गरी फर्म/कम्पनी/संस्थाको स्थायी लेखा नम्बर (PAN), मू.अ. कर र आ.व. २०७९।०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहितको निवेदन पेश गर्नु पर्नेछ ।

३. बोलपत्रमा बोलपत्रदाताले आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्टसंग उल्लेख गर्नु पर्नेछ । सच्याईएको वा केरमेट गरेको स्थानमा बोलपत्रदाताको अनिवार्य दस्तखत हुनु पर्नेछ । साथै अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

४. बोलपत्र १६ औं दिन दिनको १२:०० बजे सम्म दर्ता गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समय भित्र दर्ता गराई सक्नु पर्नेछ । बोलपत्र दर्ता गर्दा सिलबन्दी खाम बाहिर बोलपत्रको सूचना सि.नं., मिति र बोलपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा लेख्नु पर्नेछ । १६ औं दिनको १२:०० बजेसम्म दर्ता हुन आएको बोलपत्रहरु सोहीदिन दिनको १४:०० बजे बोलपत्रदाताहरु र निजका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. प्रचलित कानुन बमोजिम अलग्गै ईजाजतपत्र लिएर मात्र खरिद बिक्री गर्न मिल्ने किसिमका मालवस्तुको लिलाम सकार गर्दा उल्लेखित ईजाजतपत्र अनिवार्य पेश गर्नु पर्नेछ।

६. बोलपत्रदाताले प्रत्येक सि.नं.को छुट्टा छुट्टै बोलपत्र खरिद गरी सोही बमोजिम बोलपत्र फारम पेश गर्दा सिलबन्दी खामको बाहिर बोलपत्र सूचनाको सि.नं. अनिवार्य उल्लेख गरी दर्ता गराउनुका साथै बोलपत्र फारम साथ धरौटी बापतको दोस्रो प्रति बैंक भौचर सक्कलै संलग्न गर्नु पर्नेछ । बैंक भौचरको प्रतिलिपी (Photo Copy) मान्य हुने छैन र कबोल रकमको न्यूनतम १०% (दश प्रतिशत) नरहेको बोलपत्र फारम मान्य हुने छैन ।

७. सूचनामा उल्लेखित न्यूनतम मूल्यमा मू.अ. कर तथा अन्य कर/शुल्कहरु समावेश गरिएको छैन । बोलपत्रदाहरुको बोलपत्र स्वीकृत भएकोमा उक्त मालवस्तुको सकार मूल्यमा लाग्ने मू.अ. कर तथा अन्य कर शुल्क बापतको रकम समेत गणना गरी जोडी हुन आउने जम्मा रकम बोलपत्र स्वीकृत भएको मितिले सात दिनभित्र दाखिला गरी उठाई नलगेमा भन्सार नियमावली २०६४ को नियम ३६(४) बमोजिमको धरौटी रकम जफत गरी न्यूनतम भन्दा बढी कबोल गर्ने क्रमशः दोश्रो, तेश्रो वा चौथो घटिवालाको कबोल अंक स्वीकृत गरिनेछ ।

८. बोलपत्र स्विकृत भएको जानकारी यस भन्सार कार्यालयको सूचनापाटी तथा भन्सार बिभागको वेवसाईटमा समेत प्रकाशन गरी जानकारी गराईनेछ ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१०.यसमा उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

२०८०।११।२९